CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री दुर्गा कवच

(नेपाली लोक लयमा)

लेखक- हरिभक्त सिग्देल 'महेश'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

तिमी नै माता तिमी नै पिता, तिमी नै दाजु भाई ।
तिमी नै साथी तिमी नै विद्या, धन मेरो तिमी नै ॥

तिमी नै मेरा देवता सबै, संसार तिमी नै ।
इच्छा र तृष्णा हे माता मेरो, एक मात्र तिमी नै ॥१॥

हे गुरु गणेश ! हे सिद्धिदाता ! पाउमा पर्दछु ।
शारदा माता मनमा बस प्रार्थना गर्दछु ॥

गणेश, सूर्य, शिव, देवी विष्णु यी पञ्चदेवमा ।
शरण परि एकै रूप ब्रह्म ॐ भन्दै जप्दछु म ॥२॥

शारदा, शेष, ऋषि र मुनि वेद र पुराणले ।
सक्दैनन् गर्न वर्णन तिम्रो सीमा नै छैन रे ॥

भक्ति र कृपा पाउँ है माता जान्दिन केही म ।
अर्पण गर्छु यो दुर्गा कवच तिम्रै हो तिमीमा ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री दुर्गा कवच

(नेपाली लोक लयमा)

– हरिभक्त सिग्देल 'महेश'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री दुर्गा कवच नेपाली लोक लयमा

कृति : श्री दुर्गा कवच नेपाली लोक लयमा

विधा : कविता (लोक लय)

लेखक : हरिभक्त सिग्देल 'महेश'

प्रकाशिका : मीना सिग्देल
'हरिको घर' महांकाल-८
मण्डिखाटार, बरफेदी, काठमाडौं

सर्वाधिकार © : लेखकमा सुरक्षित

पूर्व संस्करण : ७००० प्रति

प्रकाशन मिति : १००० प्रति
वि.सं. २०७१ श्रावण २५ गते, आइतवार
रक्षा वन्धन (जनैपूर्णिमा)

ISBN : 978-9937-8910-5-9

मूल्य : रु. ३५/-

ACC. 2019/2075

मुद्रण: न्यू नेपाल प्रेस
प्रधान कार्यालय: १४२ मनकामना म.र्ग, नारायणेश्वरी, काठमाडौं । फोन: ४४३४८५०
व्यापारिक कार्यालय: शुक्रपथ, न्यूरोड, का[illegible] । फोन: ४२[illegible] ८३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिभक्त तिमीलाई शुभाशीर्वाद लाखन

श्रद्धा विश्वासका मूर्ति यथानाम तथा मति ।
हरिभक्त तिमी आफैं जान्दछौ गुरुको जति ॥

तथापि आस्था श्रद्धाले माग्यौ आशीष सम्मति ।
धन्यवाद तिमीलाई राख्यौ लौकिक-पद्धति ॥

विश्वशान्ति र सद्भाव, मैत्री, मङ्गल चाहँदै ।
पाँचै महाभूत रूप पाञ्चायन समेतकै ॥

प्रार्थना पुष्पका साथै विश्वमा शान्ति होस् सधैं ।
सदाचारी र धर्मात्मा सच्चा ज्ञानी बनुन् सबै ॥

भन्ने सद्भावना तिम्रो फलीभूत बनोस् सधैं ।
भनी अत्यन्त श्रद्धाले परिश्रम गरी सबै ॥

श्रद्धावान् भक्तका निम्ति नेपाली अनुवादमा ।
ज्यादै सरल भाषामा पाएँ हेर्दा मिलाउँदा ॥

हरिकै भक्ति धारामा गाथा गुन गुनाउनू ।
रची अरू नयाँ यस्तै दुर्गास्तुती चढाउनू ॥

सच्चा श्रीहरिका भक्त माताका स्नेह भाजन ।
हरि भक्त तिमीलाई शुभाशीर्वाद लाखन ॥

पोखरेल निवास
नरपाटी-१, वराहटार
सुन्दरगजल, काठमाडौं ।

शुभचिन्तक
ऋषिराम पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्व. माता गङ्गा देवी सिग्देल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गाकवच प्रारम्भ

ॐ श्री चण्डिकादेवीलाई नमस्कार छ ।

मार्कण्डेय भन्न लागे पितामह ! समीप गै ।
विश्व ब्रह्माण्डमा के छ सबैको उपकारकै ॥

अत्यन्त गोप्य जे तत्त्व छैन ज्ञान कसैकन ।
मलाई भन्नुहोस् आज सुन्नेछु ध्यान दीकन ॥

ब्रह्मा भन्नुहुन्छ ब्रह्मन् रक्षक् छ देवीको कवच ।
महामुनि ! सुनी राख नौ रूप् छन् देवीका प्रमुख् ॥

संयुक्त **नवदुर्गा** हुन् नाँऊ ता छन् अनेकन ।
वर्णन् गर्छु यीनैको म मैले जति भनें सुन ॥

"**शैलपुत्री**" नाम पैलो हिमाली तपले गरी ।
सच्चिदानन्दकी शक्ति दोस्रो नाम् "**ब्रह्मचारिणी**" ॥

घण्टामा चन्द्रमा बस्ने "**चन्द्रघण्टा**" तृतीय हो ।
त्रिताप युक्त संसारै "**कुष्माण्डा**" नाम् चतुर्थ हो ॥

स्वामी कार्तिककी आमा त्रिताप नास्नमा छिटो ।
"**स्कन्दमाता**" भगवती पाँचौं नाम बुझी लिनु ॥

छैटौं "**कात्यायनी**" नाम महर्षि जननी हुनु ।
कन्या वनी आश्रमैमा यिनी प्रकट भैदिनु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालको पनि कालै भै नाश गर्ने यी देवी हुन् ।
"**कालरात्री**" सबैभन्छन् डर्लाग्दी हेर है ई छन् ॥

आठौं रूप "**महागौरी**" अती गोरी यी देवी ता ।
तपले अति गोरीभै चम्किन्छिन् यी प्रकाशिता ॥

नवौं नाम "**सिद्धिदात्री**" सिद्धि मोक्ष दिने यिनी ।
सबैनाम वेदलेनै दिएथे पहिल्यै भनी ॥

रुद्ररूप महाघोर पराक्रम् गर्न तम्सिनी ।
हे देवी नवदुर्गाहौ तिमी भय-विनाशीनी ॥

हेरिनसक्नु त्यो रूप शत्रु काम्छन् डराउदै ।
रक्षा गर्ने सदां मेरो तिमीलाई प्रणाम है ॥

रक्षा मेरो पूर्वबाट ऐन्द्री शक्ति गरी रहू ।
आग्नेयमा अग्निशक्ति रक्षा मेरो गरी रहू ॥

दक्षिण् दिशामा बाराही सदारक्षा गरुन् अनि ।
नैऋत्यमा गरुन् रक्षा खड्गधारिणीले पनि ॥

रक्षा मेरो पश्चिममा बारूणीले गरुन् सधैं ।
मृगमाथि चढी रक्षा वायव्यैमा गरुन् सधैं ॥

उत्तर तर्फ गरुन् रक्षा कौमारी भक्ति गर्दछौं ।
ईशान कोणमा रक्षा शूलधारिणी लौ- गरौं ॥

माथिबाट ब्रह्माणीले रक्षा मेरो गरी सधैं ।
वैष्णवी पृथिवीबाट गर रक्षा खुसी हुँदै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चामुण्डा गर है रक्षा चारै तर्फ घुमी घुमी ।
लासको आसन्मा बस्ने तिम्लाई भज्छु सधैं नुही ॥
जया रक्षा गरुन् मेरो अगाडिबाट है सधैं ।
पछाडिबाट विजया मेरो रक्षा गरुन् सधैं ॥
बाँया तर्फ अजिता र दायाँमा अपराजिता ।
गर रक्षा मेरी आमा शरण्मा पर्छु है मता ॥
उद्योतिनी गरे मेरो रक्षा शिखा समेतको ।
रक्षा गर उमा देवी मेरो यो शिरको अनि ॥
मालाधारी निधारैको आँखिभौको यशश्विनी ।
गर रक्षा मेरी आमा सर्वदा पुत्र हो भनी ॥
भृकुटीको त्रिनेत्राले यम्घण्टा नाकको अनी ।
गर रक्षा सधैं मेरो अज्ञानी मूर्ख हो भनी ॥
आँखाका मध्यभागैमा रक्षा शंखिनीले गर ।
द्वारवासिनीले रक्षा मेरा यी कानको गर ॥
कपालको कालिकाले कानका प्वालको पनि ।
शांकम्भरी गरून् रक्षा दयाले बालकै भनी ॥
चर्चिकाले गरून् रक्षा माथिल्ला ओठको सुन ।
सुगन्धाले सधैं मेरो नाक रक्षा गरी रहून् ॥
अमृत्कला तल्लो ओठ्मा गर रक्षा सधैं भरी ।
जिब्रोको गर है रक्षा सरस्वती कृपागरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौमारीले दाँतको र चण्डिकाले सधैं अनि ।
गरून् रक्षा कण्ठस्थान्को मेरो नै भक्त हो भनी ॥
गर रक्षा चित्रघण्टा मेरो यो रुद्रघण्टीको ।
गर रक्षा महामाया मेरो यो तालु अंगको ॥
कामाक्षी गर लौ रक्षा चिउँडाको तिमी पनी ।
सर्वत्रमङ्गलादेवी वाणीको रक्षकै बनी ॥
मेरु दण्ड धुनुर्धारी घाँटीको भद्रकालीले ।
गर रक्षा सदांकाल शरणागत-वत्सला ॥
ग्रीवा रक्षा नील गर कण्ठका बाहिरै तिर ।
मेरो रक्षा सधैं गर्नु नलकूबरी किल्किलो ॥
खड्ग धारिणीले मेरा काँध रक्षा गरुन् सधैं ।
बज्रधारिणीले मेरा बाहुको गर रक्षणै ॥
दण्डिनीले दुवै हात्को औंलाको अम्बिका सधैं ।
शूलेश्वरी गरुन् रक्षा मेरा यी नङको सधैं ॥
कुलेश्वरीले कोखाको महादेवी स्तनै पनि ।
गरुन् रक्षा सधैं मेरा मनको शोकनाशिनी ॥
ललिताले हृदयमा पेटमा शूलधारिणी ।
गरुन् रक्षा कामिनीले नाभि औ गुह्यको पनि ॥
गुह्येश्वरी गरुन् रक्षा कम्मरको भक्त हो भनी ।
घुँडा रक्षा गरुन् मेरा देवी श्रीविन्ध्यवासिनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्ग रक्षा सधैं गर्नू पूतना कामिनी मिली ।
महिषै-बाहिनी गर्नु रक्षणै गुदको खुली ॥
गर रक्षा जाँघको ता बली यी देवीले पनी ।
नारसिंही गरुन् रक्षा गोलिगाँठाहरू अनी ॥
अमित तेजसी देवी दुबै खुट्टाहरू पनि ।
औंलाहरू समेतैको देवी रक्षा गरे भनी ॥
तलवासिनी पैतालाको रक्षा मेरो गरुन् सधैं ।
नङ्गको द्रष्टाकरालीले ऊर्ध्वकेशिनी साथ भै ॥
कपाल औ रोमकूप गर्छिन् रक्षा सधैं भरी ।
प्वाल रौंका कौबेरीले छाला वागीश्वरी सरी ॥
रक्षा मेरो सधैं गर्छन् सबैले प्रिय भक्तको ।
रक्त मज्जा मासु बोसो हाड मेद समेतको ॥
पार्वतीले गरुन् रक्षा आन्द्राको कालरात्रीले ।
पद्मावती मूलधार पित्तको मुकुटेश्वरी ॥
चूडामणी कमल्कोष देवीले कफको पनि ।
ज्वालामुखीं गरुन् रक्षा नङ्गका तेजको पनी ॥
समस्त सन्धिको रक्षा अभेध्याले गरे अनि ।
रज औ वीर्यको रक्षा गर ब्रह्माणीले पनि ॥
छत्रेश्वरीले छायाको धर्मधारिणी देवीले ।
अहंकार र मन् बुद्धि रक्षा गर सधैंभरि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बज्रधारण गर्ने हे बज्रहस्ता सरी अगि ।
रक्षा पाँच प्राण वायु सबैको गर है तिमी ॥

कल्याण शोभना रक्षा मेरो यो प्रांणको गर ।
रसादिपञ्चतन्मात्रा योगिनी रक्षणै गर ॥

देवी नारायणी मेरा रजः सत्व तमोगुण ।
गर बाराहीले रक्षा अनि यो आयुको पनि ॥

वैष्णवीले धर्मको र चक्रिणीले सधैं अनि ।
रक्षा गरुन् यशः कीर्ति, लक्ष्मी विद्या तथा धनैं ॥

इन्द्राणीले गोत्र रक्षा गरुन् दीकन वैभव ।
पशु रक्षा चण्डिकाले तथा जे हुन्छ वैभव ॥

महालक्ष्मी पुत्र-पुत्री हाम्रा सन्तति छन् जति ।
गर रक्षा र पत्नीको भैरवीले भएजति ॥

गर रक्षा मार्ग को हे क्षेमकारी तिमी सधैं ।
सुपथाले गरुन् रक्षा मेरो हिंडदा सबै तिरै ॥

राज्यदर्वारको रक्षा महालक्ष्मी सधैं गर ।
सारा भयहरूबाट रक्षा श्रीविजया गर ॥

अङ्ग र स्थान जुन् मेरा कवच् वाहिर पर्दछन् ।
विजयैशालिनी रक्षा जयन्ती नित्य गर्दछिन् ॥

रक्षा आफ्नो चाहनेले कवच् हीन भईकन ।
नहिंडून् पाइलै सम्म कवच्-पाठै गरी हिडून् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नसकेमा यत्ती सम्म नवार्ण वीज मन्त्रनै ।
जप्दै हिडोस् सधैं मानिस् विजयी बन्छ निश्चितै ॥

देवी कवच् लाएर जहाँ सुकै पुगे पनि ।
धन, लाभ, कार्यसिद्धि वीजयी बन्छ है अनि ॥

पृथ्वीमा जो अतुल्यै त्यो ऐश्वर्य प्राप्त गर्दछ ।
जहाँ जाओस्, परोस् जे जो निर्भयै उ त बन्दछ ॥

युद्धमा हार खाँदैन वीजयी बन्न पाउँछ ।
तीनै लोक्मा पूजनीय भई भक्त रमाउँछ ॥

देव दुर्लभ् कवच् हो यो देवीको पनि लौ बुझ ।
नियमित् भै भक्तिपूर्वक् पाठ यो गर्नुपर्दछ ॥

देवी शक्ति प्राप्त गरी, तीनै लोक्मा जहाँ तहीं ।
राम्रो कीर्ति वसाएर वीजयी बन्छ है अनि ॥

यत्ति मात्र हैन उस्को अग्नि जल् विजुली अनि ।
सर्प, बाघ, भालु बिक्षी शत्रुका हमला टरी ॥

अकाल मृत्यु नै हुन्न रक्षा हुन्छ सधैं भरी ।
संयौ बर्ष आयु मिल्छ सुख सम्पत्तिले भरी ॥

नाशिन्छन् खटिरा लूतो, विफर् कुष्ठहरू पनि ।
अफीम भाँग, धतुरो, संखिया विषले पनि ॥

मानवैले बनाएका नक्कली विष-पानले ।
छुँदैनन् ती चतुर् हुन्छन् बाँच्ने छन् देविशक्तिले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जल, वायु, अग्नि पृथ्वी भित्र व्यापक मन्त्रले ।
मारण्, मोहन् र उच्चाटन् आदि गर्ने सबै भए ॥

डुलुवा, ग्राम देव् आकाश्चारी वा जल्चर कुनै ।
सक्ने छैनन् गर्न हानि देवीका गण शक्ति भै ॥

सबै ग्रह देवता र कुलदेव समेतनै ।
रक्षा गर्छन् कवच्धारी भक्तलाई यहाँ सधैं ॥

डांङ्किनी, शाङ्किनी, भूत, पिशाच यक्ष राक्षस ।
गन्धर्व, ब्रह्मराक्षेस, वेताल्, कुष्माण्ड भैरव ॥

अनिष्टकारक सबै देवी कवच् लगाउँदा ।
डराई भाग्दछन् टाडा, कवच्का शक्तिले गरी ॥

राज्यबाट कवच्धारी सम्मानित भईकन ।
समाजमा मान श्रद्धा, तेज, कीर्ति बढीकन ॥

बांचुन्जेलै, पृथिवीमा कीर्ति सम्मान मिल्दछ ।
छोडी जाँदा यो शरीर सजिलै मुक्ति मिल्दछ ॥

यो लोक्मा मान-सम्मान कीर्ति हुन्छ जतातै ।
देहान्त नै भएदेखि परम्पद् पनि मिल्दछ ॥

पाउछन् दुर्लभ स्थानै यस्तो कवचधारीले ।
दिव्यरूप प्राप्त गरी कैलाशै पुग्दछन् यी है ॥

आनन्द रूप शिव नै बनेर भक्त ती उता ।
यस्तो कवच् पढी पाए सुख शान्ति जतातता ॥

॥ दुर्गाकवच समाप्त भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ अर्गलास्तोत्र प्रारम्भ

ॐ श्री चण्डिकादेवीलाई नमस्कार छ ।

मार्कण्डेय भन्न लागे प्रसन्नभै त्यहां अनी ।
जयन्ती नै सबै भन्दा उत्कृष्ट विजयी पनी ॥

भक्तलाई मुक्तिदिने **मङ्गला** हुन् सधैं भरी ।
प्रलयैमा सृष्टिलाई खान्छिन् काली सधैं भरि ॥

भक्तलाई सुख दिने **भद्रकाली** शिवेश्वरी ।
खप्परू हातले बोक्ने मुण्डमाला **कपालीनी** ॥

दु:साध्य साधनाबाट भेटिने **दुर्गा**मा पनी ।
सारापाप क्षमा गर्ने भक्तका हुन् **क्षमा** उनी ॥

कल्याण गर्ने सबको **शिवा** देवी भनी बुझ ।
प्रपञ्च धारणा गर्ने **धात्री** देवी भनी अझ ॥

यज्ञभाग् देवतालाई दिने **स्वाहा** यिनै बुझ ।
पितृलाई श्राद्ध तर्पण्, पुऱ्याउने **स्वधा** अझ ॥

यी आदि नामकी देवी जगदम्बा तिमी प्रति ।
प्रणाम् गर्छु सधैं तिम्लाई श्रद्धा र भक्तिले अति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय होस् देवी चामुण्डे जय होस् है सधैं भरी ।
सम्पूर्ण प्रांणीको दु:ख हर्ने देवी घरी घरी ॥

सर्व-व्यापक हे माता जय तिम्रो सदा हओस् ।
कालरात्री तिमीलाई नमस्कार मिलीरहोस् ॥

मधुकैटभ मारेर ब्रह्मालाई दिने वर ।
जगाउने विष्णुलाई प्रणाम छ निरन्तर ॥

आत्माको जो रूप हो त्यो बुझ्ने शक्ति कृपा गर ।
शत्रु नाशी देऊ जय यश देऊ दया गर ॥

मोहमाथी जय गरी ज्ञान प्राप्त हओस् भनी ।
यश देऊ मुक्ति आमा अज्ञ मूर्ख छ यो भनी ॥

काम क्रोध आदि शत्रु नाशीदेऊ तिमी अनि ।
भक्ति र ज्ञान विजयै साथ मुक्ति दिई अनी ॥

महिषासुर मारेर भक्तलाई दिई बर ।
नमस्कार सदा गर्छु तिम्रै पर्छु सधैं भर ॥

आत्म-रूप ज्ञान देऊ मोहमा विजयै अनी ।
रूप देऊ जयै देऊ, यश दी शत्रुनाश् गरी ॥

मेरो अरू छैन कोही तिम्रै पर्छु सधैं भर ।
काम, क्रोध, शत्रु मेरा तिमी नै नाश यी गर ॥

रक्तबीज, चण्ड, मुण्ड नाश्ने हे परमेश्वरी ।
रूप देऊ जयै देऊ, यश दी शत्रुनाश् गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुम्भ साथै निशुम्भैको घुम्राक्षैको बधै गरी ।
रूप, कीर्ति जयै, देऊ मेरो यो भक्त हो भनी ॥

शत्रु नाशी मुक्ति देऊ चरण्को दास हूँ मुमा ।
डर त्रास सबै भागून् तिमी देखी डराउँदा ॥

चरण् कमल्मा ढोग्दिन्छन् तिम्रै ती सबसज्जन ।
सबै सौभाग्य मिल्नेछन् तिमी खुसी हुँदा पुनः ॥

देऊ रूप, जय, यश शत्रु नाश गरिकन ।
तिम्रै श्रद्धा भक्तिमानै स्थिर होस् चन्चले मन ॥

अचिन्त्य रूप छन् तिम्रा चरित्र पनि बुझ्दिन ।
देऊ रुप, जय, यश शत्रु नाश गरिकन ॥

पाप नाशीदिने चण्डी तिम्रा भक्तहरूकन ।
देऊ रुप् जय औ कीर्ति भक्तको शान्तहोस् मन ॥

व्याधी नाश्ने चण्डिकाजी सदा ख्याल गरिकन ।
स्तुति गर्ने भक्तलाई देऊ रुप् जय, यश् धन ॥

भक्ति पूर्वक् निरन्तर् जो पूजा गर्छन् तिमी प्रति ।
रुप, जय, यश देऊ नाश शत्रु भएजति ॥

मलाई देऊ सौभाग्य आरोग्य अनि साथमा ।
जय, रूप, यशःशाली सुख उत्तम द्यौ मुमा ॥

गर नाश द्वेष मेरो गर्नेलाई तिमी अब ।
मिलोस् रुप, जय, यश शत्रु-नाशी बडोस् बल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर कल्याण हे देवि दिई सम्पत्ति भक्तमा ।
दिई रूप, जय, यश शत्रु नाश गरी यहाँ ॥

देव दानवका शिर्का मुकुट् मणि झुकी झुकी ।
चरण्मा गर्दछन् स्पर्श तिम्रा सामु सधैंभरी ॥

हे माता पाऊमा पर्छु श्रद्धा भक्ति गरीकन ।
अम्बिका देऊ है रूप, शत्रु नाश गरीकन ॥

विद्या लक्ष्मी मिलीभक्त शक्ति शान्ति दुवै मिली ।
सुखका साथमा तिम्रै गरुन् भक्ति सधैं भरि ॥

प्रचण्ड दैत्यको सेखी नाश्ने हे चण्डिका सुन ।
देऊ रूप, जय, यश, शत्रु नाशी यसै क्षण ॥

व्रह्मा स्तुति सदां गर्छन् तिमी सामु नुघी नुघी ।
चार हात भएकी, हे देवी यश देऊ सधैं तिमी ॥

कृष्णजीले सदां काल स्तुति गर्ने शिवेश्वरि ।
देऊ रूप, जय, यश शत्रु नाश सधैं गरी ॥

हिमाचल् पुत्री हे देवी पार्वती नाथ देवले ।
प्रशंसा गर्दछन् तिम्रो परमेश्वरी भावले ॥

देऊ रूप, जय, यश शत्रु नाशी सधैं भरी ।
इन्द्राणीका स्वामि इन्द्र पूजा गर्छन् घरी घरी ॥

रूप, देऊ, जय देऊ, यश देऊ कृपा गर ।
प्रचण्ड भुजदण्डैको गर्व त्यो दैत्यको हर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै दैत्य समूहै को सेखी चूर्ण गराउने ।
रूप, जय, यशःशाली जीवनै पूर्ण गर्दिने ॥

अखण्डानन्द भक्तैमा अभ्युदय दिने तिमी ।
देऊ रुप, जय, यश, तिमी शत्रु विनाशीनी ॥

ममा देऊ असल् सन्तान् धन सौख्य भएजति ।
शत्रु नाशी रूप, जय, यश देऊ म नै प्रति ॥

दुर्गम् संसार सागर यो तर्ने डुङ्गा मिलोस् भनी ।
जोडी होस् मन माफिक्को कृपाले नै मिलोस् धन ॥

जो मानिस् स्तोत्र यो पाठ गरी कीलक पढ्दछ ।
दुर्गा प्रसन्न पारेर त्यसैले मुक्ति पाउछ ॥

त्यल्ले श्रद्धा गरी चण्डी सबै जप गरे जति ।
फल सम्पत्ति पाएर बस्छ कैलाशमा गई ॥

॥ अर्गलास्तोत्र समाप्त भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब कीलक प्रारम्भ हुन्छ

ॐ श्री चण्डिकादेवीलाई प्रणाम छ ।

मार्कण्डेय भन्नु हुन्छ, ज्ञान-शुद्ध स्वरूपका ।
तीन वेद तीन नेत्र शिव कल्याण रूपका ॥
अर्घचन्द्र मुकुट्धारी शिवलाई प्रणाम छ ।
मन्त्रराज अभिकीलक स्तोत्र जो जप गर्दछ ॥
अतिरिक्त अरु मन्त्र जपमानी निरन्तर ।
लागिपर्ने भक्तलाई गर्छन् कल्याण् सदा हर ॥
मारण, मोहन् र उच्चाटन् सबै कर्महरू पनि ।
सिद्ध भै दुर्लभै बस्तु प्राप्त गर्छन् सधैं अनि ॥
अरू मन्त्र जप्नु साथै दुर्गाका सिद्ध मन्त्रको ।
स्तुति पाठ गरी सिद्धि मिल्छ है तीन देवीको ॥
त्यस्ता भक्तहरूलाई, मन्त्र औषधि साधना ।
अरुको गर्नु पर्दैन सिद्धि मिल्छ सधैं यहाँ ॥
सबै इच्छा पूर्ण हुन्छ सबै भक्तहरूकन ।
शङ्का थियो सप्तशती पाठ वा अरु छन् कुन ? ॥
यो शङ्काको समाधान शिव भन्छन् यहां तब ।
सर्वश्रेष्ठ छ दुर्गाको स्तोत्र कल्याण दायक ॥
महादेव्ले सप्तशती स्तोत्र गुप्त गरीदिए ।
अविनाशी पुण्य प्राप्ति हुन्छ यो स्तोत्र पाठले ॥
यसैले यो चण्डी मन्त्र यथार्थमा बुझीकन ।
जप्ने भए अन्य मन्त्र यसैको गर्नु साधना ॥
कल्याणै यसले हुन्छ निःसन्देह भई सुनी ।
साधक्ले कृष्ण पक्षैका चतुर्दशी र अष्टमी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपयुक्त सबै हेरी देवी चरणमा परी ।
सम्झी प्रसादी त्यो उन्कै ग्रहण् गर्नू भई खुसी ॥
खुसी भई उसै सङ्ग माता भगवती पनि ।
व्यवहार गृहस्थीका गर्नु भन्छिन् सधैभरि ॥
हटाई मेरो पनको मोह देवी प्रसाद ली ।
ग्रहण् गर्दा खुसी हुन्छिन् असाध्यै देवी ती अनी ॥
कीलित् यो स्तोत्र देवीको गर्नू भो शिव देवले ।
निष्कीलन गरी पाठ गर्नु है देविभक्तले ॥
तीनै हुन्छन् सिद्ध गण गन्धर्व पार्सदै यहाँ ।
डर डुल्दा हुन्न देवी भक्तमा विश्वमा यहाँ ॥
अकाल मृत्यु त्यसको हुँदै हुन्न भनी बुझ ।
छोड्दा शरीर सहजै मोक्ष हुन्छ उ ता अझ ॥
कीलक्लाई बुझी दोष हटाईकन राम्ररी ।
स्तोत्र पाठ गरोस् भक्त मिल्छ सिद्धि सधैं भरि ॥
स्प्रष्ट औ उच्च स्वरले पाठ गर्नु सधैं भरी ।
अस्प्रष्ट मन्दस्वरले नगर्नु पाठ क्यै गरी ॥
जगदम्बा यीनै देवी प्रसाद अनि भक्तमा ।
सौभाग्यैश्वर्य आरोग्य, सम्पत्ति पनि साथमा ॥
दिन्छिन् सुख सदां तीन्मा शत्रुनाश गरीकन ।
सदां प्रसन्न औ शान्त, हुनेछ भक्तको मन ॥
यसैले भक्तिका साथ मनुष्य देवीको स्तुति ।
सदा जो गर्दछन् मिल्छ उनैको सुख सद्गति ॥

दुर्गा कवच, अर्गला र कीलक समाप्त भयो ।

ॐ तत्सत् ।

ॐ शान्तिः । शान्तिः ॥ शान्तिः ।।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धकुञ्जिकास्तोत्र

अथ मन्त्रः

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥ ॐ ग्लौं हुं क्लीं जूं सः ज्वालय ज्वालय ज्वल ज्वल प्रज्वल प्रज्वल ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ज्वल हं सं लं क्षं फट् स्वाहा ॥ इतिमन्त्रः ॥ नमस्ते रुद्ररूपिण्यै नमस्ते मधुमर्दिनि ॥ नमः कैटभहारिण्यै नमस्ते महिषार्दिनि ॥१॥ नमस्ते शुम्भहन्त्र्यै च निशुम्भासुरघातिनि ॥२॥ जाग्रतं हि महादेवि जपं सिद्धं कुरुष्व मे ॥ ऐंकारी सृष्टिरूपायै ह्रींकारी प्रतिपालिका ॥३॥ क्लींकारी कामरूपिण्यै बीजरूपे नमोऽस्तु ते ॥ चामुण्डा चण्डघाती च यैकारी वरदायिनी ॥४॥ विच्चे चाभयदा नित्यं नमस्ते मन्त्ररूपिणि ॥५॥ धां धीं धूं धूर्जटेः पत्नी वां वीं वूं वागधीश्वरी । क्रां क्रीं क्रूं कालिका देवि शां शीं शूं मे शुभं कुरु ॥६॥ हुं हुं हुंकाररूपिण्यै जं जं जं जम्भनादिनी ॥ भ्रां भ्रीं भ्रूं भैरवी भद्रे भवान्यै ते नमो नमः ॥७॥ अं कं चं टं तं पं यं शं वीं दुं ऐं वीं हं क्षं धिजाग्रं धिजाग्रं त्रोटय त्रोटय दीप्तं कुरु कुरु स्वाहा ॥ पां पीं पूं पार्वती पूर्णा खां खीं खूं खेचरी तथा ॥८॥ सां सीं सूं सप्तशती देव्या मन्त्रसिद्धिं कुरुष्व मे ॥ इदं तु कुञ्जिकास्तोत्रं मन्त्रजागर्तिहितवे ॥ अभक्ते नैव दातव्यं गोपितं रक्ष पार्वति ॥ यस्तु कुञ्जिकया देवि हीनां सप्तशतीं पठेत् । न तस्य जायते सिद्धिररण्ये रोदनं यथा ॥

ईत श्रीरुद्रयामले गौरीतन्त्रे शिवपार्वतीसंवादे
कुञ्जिकास्तोत्रं सम्पूर्णम् ।
॥ ॐ तत्सत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गा पूजा विधि



ॐ गौर्या सह रुद्राय नमः	ॐ सरस्वत्या सह ब्रह्मणे नमः	ॐ लक्ष्म्या सह विष्णवे नमः
ॐ ऐं महाकाल्यै नमः	ॐ ह्रीं महालक्ष्म्यै नमः	ॐ ल्कीं महासरस्वत्यै नमः
ॐ दशाननायै नमः	ॐ अष्टादशभुजायै नमः	ॐ अष्टभुजायै नमः

ॐ सिंहाय नमः

ॐ महिषाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नव दुर्गा

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥

शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता,
कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दश महाविद्या



ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥

काली, तारा, षोडशी, भुवनेश्वरी, छिन्नमस्ता, त्रिपुरभैरवी, धूमावती, बगलामुखी, मातङ्गी, कमला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्री दुर्गायै नमः

हे देवी भक्तिले रिझिने सबै कार्य बनाइदिने ।
कलिमा कार्यसिद्धिलाई यत्नले तिमी जानिने ॥

साधनाहरू मध्येकी सर्वोच्च साधना तिमी ।
शरण्मा पर्छु हे माता देऊ ज्ञानको प्रकाश् भनी ॥

दरिद्र, दुःख, डर रोग् शोक आदिहरू पनि ।
हटाई दिन्छ्यौ हे माता शरणागत हो भनी ॥

सधैं मङ्गल गर्ने शिवे सर्वसाधना स्वरूपकी ।
प्रणाम छ त्रिपुरसुन्दरी गौरी, प्रणाम छ नारायणि ॥
शरणागतको दुःख हटाई सुखको वर ।
सबै दुःख हर्ने देवी नारायणी प्रणाम छ ॥
सर्वरूप सबैबाट सबै शक्ति लिने तिमी ।
डर र त्रासको लेस छैन देवी त्यहाँ अनी ॥
रोग र पापको नाश क्रोध र कामको पनी ।
अभिष्ट नाशने देवी शरणागतको अनी ॥
तिनै लोकका सबै बाधा नास्ने हे त्रिभुवनेश्वरी ।
बाधा वेकामका सारा हटाऊ परमेश्वरी ॥

- महेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गा प्रार्थना

कल्याण चाहने आफ्नो मान्छेले नवरात्रमा ।
दुर्गाकवच् अर्गला र लिई कीलक साथमा ॥
कल्याण हुन्छ यो स्तोत्र पाठ गर्नू सधैं भरी ।
संसारी कामका साथ स्मरण् गर्नु घरीघरी ॥
श्रद्धालु भक्तहरूको शुभ हुन्छ स्मरण् रहे ।
अष्ट सिद्धि, भुक्ति, मुक्ति देवीले दिनु हुन्छ रे ॥
देवीका बीज मन्त्रैले तीनै देवी पुजी भजी ।
महाकाली, महालक्ष्मी, महासरस्वती जपी ॥
माला एकशये आठ त्रिशक्ति ध्यानले जपे ।
दुर्गाकवच्, अर्गला र कीलकैमा मनै दिए ॥
यसैबाट हुन्छ लाभ साधक्ले सिद्धि पाउँछ ।
ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे जो हर क्षण जप्दछ ॥
श्रीगणेश सिद्धिदाता पाउमा पस्रिई सधैं ।
सरस्वती धन ज्ञान देऊ भक्ति वढोस् अझै ॥
महाकाली महालक्ष्मी महासरस्वती अनी ।
नवदुर्गा, अष्टमातृ महाविद्या दशै पनि ॥
रक्षा गरी साथदेऊ भक्तमाथि कृपामयी ।
दुःख शोक हटाएर सुःख शान्ति संधैं भरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमीमा मान्यजनले दिने शुभाशीर्वाद

दशैंमा जमरा, टीका, कलश दीप गरि कन् ।
आशीर्वाद छ यो उत्तम सर्वत्र नै तिमीकन ॥
सुस्वास्थ्य सदाँ राखुन दुर्गाले नै कृपा गरि ।
कुशलता सबमा छाओस् सदाँ सम्पन्नता भरि ॥
नव दुर्गा भवानी र सत्य शक्ति हरिहर ।
दाहिना भई गरुन रक्षा तिमीलाई संधै भर ॥
अग्नि, जल, वायु, आकाश, पृथ्वीसम्मका सबै ।
सूर्य, चन्द्र र आत्मा सब प्रसन्न हुन् तिमीसङ्गै ॥
अभाव नहोस् केही को नि, तिमीलाई संधै भर ।
आजको शुभ साइतमा शुभाशिष ग्रहण गर ॥

आफैं भित्र

काम, क्रोध, लोभ, मोह हिंसामा अहंकार छ ।
गरौं सत्सङ्ग सन्तोष समता, सद्विचार आउँछ ॥
मन्दिर, मस्जिद, चर्च, गुम्बा भन्दा पनि परै पर ।
मिल्छन् ईश्वर सत्य कर्म मन, वचन देखिनै गर ॥
जाती, धर्म, वर्ण, लिङ्ग, भेद भाव हराउँछ ।
ईश्वरको त्यो दिव्य ज्योति आफैं भित्र उदाउँछ ॥

रचना- हरिभक्त सिग्देल 'महेश'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखक बारे

■ **हरिभक्त सिग्देल** – पूर्व प्रहरी नायव उपरिक्षक

■ **पदक तथा विभूषण :**

१) प्रवल गोरखा दक्षिण वाहु चौथा
२) प्रहरी दीर्घ सेवा पट्ट
३) शुभराज्याभिषेक पदक
४) गद्धीआरोहणा रजत महोत्सव पदक
५) वीरेन्द्र ऐश्वर्य सेवा पदक
६) दुर्गम सेवा पदक
७) विषेश सेवा पदक
८) प्रहरी सेवा पदक
९) दैवीप्रकोप पीडित उद्धार पदक
१०) संयुक्त राष्ट्रसंघ शान्ति सेवा पदक
११) प्रहरी सेवा २०२९-३-३१ देखि २०५८-१०-१ सम्म / २९ वर्ष ६ महिना १ दिन

■ **तालिम :**

१) प्रहरी सेवा प्रवेश आधारभूत, कंराते, जुडो, जिम्नाष्टिक, वक्सीङ, नक्सा अध्ययन, प्रहरी अधिकृत विशेष, कमाण्ड, अपराध अनुसन्धान, विशिष्ठ व्यक्तिको सूरक्षा, उपरोक्त सवै तालिमहरू राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजवाट प्रदान गरिएका हुन् ।

२) विमानस्थलको सुरक्षा तालिम- TIA Canadian प्रशिक्षकवाट त्रिभूवन अन्तरराष्ट्रिय विमानस्थलको तत्वावधानमा ।

३) Project Preparation and Analysis
First Division
Nepal Administrative Staff College
Jawalakhel, Lalitpur, Nepal
24th Nov to 28th Dec. 1995

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) Hostage Negotations Course
LOUISIANA STATE UNIVERSITY and
Agricultural and Mechanical College, Antiterrorism
Assistance Program 10th May 2001

५) अंग्रेजी/नेपाली टाइप - श्री कृष्ण टाइप राइटिङ्ग इन्टिच्युशन,
काठमाडौं, नेपाल:- २०३१/२/२८

६) English Language -Advance-I-
English Language Institute
American Cultural Center (USIS), Kathmandu, Nepal
June 25th to October 4th 1974.

७) Introductory Training Course, Cub Basic Training Course
and Scout Basic Training Course- Nepal Scouts,
Kathmandu, Nepal
2046-1-27

८) United National Peace Keeping
Certificate 29th October 1994
United Nations

९) Great Questions of Life
International Correspondence
18-09-1975

१०) Your New Life
International Correspondence
20-10-1976

११) Honorary Mayor
City of Socoro USA New MExico

■ **भ्रमण :**

- स्वदेश : हिमाल देखि तराई सम्मका ५१ जिल्ला ।
- विदेश : भारत, मोजम्बिक, मलावी, जिम्बावे, जाम्बीय, साउथ अफ्रिका, तान्जानिया, इजिप्ट, संयुक्त राज्य अमेरिका, रुस, वेलारुस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

■ **संलग्नता :**

- वैद्यनाथक्षेत्र प्रकाशन - आजिवन सदस्य, वैद्यनाथक्षेत्र - सम्पादक
- दामोदर पुडासैनि प्रतिभा पुरस्कार कोष - आजिवन सदस्य
- सिग्देल वन्धु समन्वय प्रतिष्ठान, इटहरी, मोरङ्ग - आजिवन सदस्य

■ **कदर-पत्र :**

प्रदान गर्ने संस्था र मिति	*प्रदान गर्ने व्यक्ति*
१) श्री वैद्यनाथ क्षेत्र विकाश संस्था अछाम। २०६८/१०/१२ गते	सम्माननीय राष्ट्रपति श्री रामवरण यादव
२) आस्था कला केन्द्र, काठमाडौं। २०६२/४/२२ गते	राष्ट्रकवि माधव घिमिरे
३) कान्तिपुर सेक्यूरिटी सर्भिस प्रा.लि., काठमाडौं। २०६२/२/११ गते	कार्यकारी निर्देशक रोहिणी कुमार के.सी. व्यवसायिक प्रशिक्षण तथा शिप विकाश तालिम केन्द्र।

■ **सम्मान-पत्र :**

१) रामघाट जनचेतना युवा कल्व तथा जनज्योति पुस्तकालय, गैरीगाउँ। पांचमाने, जिलपुरफेदी-२, काठमाडौं।	संस्थापक अध्यक्ष घनश्याम पुडासैनी
२) दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष, काठमाडौं। २०६८/२/११ गते	सञ्चालक तथा अध्यक्ष दामोदर पुडासैनी
३) प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं। २०५८/१०/१	प्रहरी महानिरीक्षक प्रदिप सम्शेर ज.व.रा.
४) शान्ति विकास अभियान नेपाल राष्ट्र सेवा सम्मान-२०७१	कानुन तथा न्याय मन्त्री नरहरी आचार्य

■ **प्रशंसा-पत्र :**

१) योग विज्ञान शिविर २०६६, काठमाडौं। २०६६	योग गुरु स्वामी रामदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) नेपाल सङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठान, कुलपति अम्बर गुरुङ्ग
काठमाडौं ।
२०६७

■ **अनुभव :**

१) शिक्षक : ओखरपौवा प्राथमिक विद्यालय, नुवाकोट ।

२) प्रशिक्षक : आन्तरिक र वाह्य राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान ।

३) कार्यालय प्रमुख : महानगरीय प्रहरी वृत, गौशाला, कालिमाटी, बौद्ध, जनसेवा, दरवार मार्ग, फपिङ्ग, दक्षिणकाली र थानकोट ।

४) निजी सचिव : प्रहरी महानिरीक्षकको कार्यालय, प्रहरी प्रधान कार्यालय, नक्साल ।

५) दिपेन्द्र प्रहरी उच्च माध्यामिक विद्यालय, साङ्गा, काभ्रे; इलाका प्रहरी कार्यालय धरान र जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा रही उत्कृष्ट कार्य गरेको ।

६) प्रहरी सेवा (२९ वर्ष ६ महिना १ दिन) २०२९/३/३१
प्रहरी-२०५८/१०/१ प्रहरी नायक उपरिक्षक ।

७) मेनेजर : भास्तोक इन्टरनेशनल प्रा.लि. ।

८) मेनेजर : रुविन हाउजिङ्ग एण्ड इन्भेष्टमेन्ट प्रा.लि. ।

९) प्रमुख कार्यकारी अधिकृत : सिन्तेज इन्भेष्टमेन्ट कं.प्रा.लि. हाल सम्म ।

■ **अभिनन्दन :**

◆ पूर्व प्रधान अध्ययापक तथा शिक्षक- ओखरपौवा माध्यमिक विद्यालय, जलुकेनी, नुवाकोट-१८, फागुन २०५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिभक्त सिग्देल 'महेश' द्वारा लिखित धार्मिक पुस्तक पाइने ठेगाना

१) श्रीपशुपतिनाथ शरण सहकारी संस्था लि., देवपतन
२) गुरु पुस्तक विक्रेता, भोटाहिटी, धार्मिक पुस्तक बिक्री कक्ष, भोटाहिटी
३) दुर्गा धार्मिक पुस्तक पसल, का.म.पा.८, पशुपतिक्षेत्र, काठमाडौं, नेपाल
४) पाँचपोखरी बुक स्टोर, न्यूरोड
५) रत्न बुक डिष्ट्रीब्यूर्टस प्रा.लि., बागबजार
६) रत्न पुस्तक भण्डार, ग्रीन हाउस, माइतीघर
७) जोशी पुस्तक पसल, डडेलधुरा
८) विद्यार्थी पुस्तक पसल, नवलपरासी
९) अर्याल स्टेशनरी सेन्टर, रौतहट
१०) अर्याल स्टेशनरी सेन्टर, मकवानपुर
११) जानकी पुस्तक पसल, जनकपुर, धनुषा
१२) सिस्ने पुस्तक पसल, सुर्खेत, वीरेन्द्रनगर
१३) विद्यार्थी पुस्तक पसल, पोखरा
१४) जोशी पुस्तक पसल, गोर्खा
१५) चौलानी पुस्तक पसल, धगनढी
१६) न्यू पूजापुस्तक पसल, बिरगञ्ज
१७) मनकामना पुस्तक पसल, धरान
१८) न्यौपाने जनरल स्टेशनरी, कालिकोट
१९) जि.पि. स्टेशनरी, जुम्ला
२०) शर्मा स्टेशनरी, दैलेख
२१) भेरी स्टेशनरी, जाजरकोट
२२) जयलक्ष्मी पुस्तक पसल, मुगु
२३) जागृती स्टेशनरी – डोल्पा
२४) शर्मा पुस्तक पसल, टाँडी, चितवन
२५) विद्या पुस्तक पसल, विराटनगर, मोरङ
२६) चौधरी पुस्तक पसल, लहान, सिरहा
२७) गौरी पुस्तक पसल, तुलसीपुर, दाङ
२८) ग्लोवल इन्टरप्राइजेज, विर्तामोड, झापा
२९) जयदुर्गे स्टेशनरी, कुस्मा, पर्वत
३०) ज्योति पुस्तक पसल, टीकापुर, कर्णाली
३१) ज्याल्पादेवी बुक्स एण्ड स्टेशनरी नुवाकोट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२) मिलन स्टेशनरी, सुनसरी
३३) नव पैभाव पुस्तक पसल, बनेपा
३४) नेशनल बुक, चैनपुर
३५) मास्के पुस्तक पसल, नारायणगढ, चितवन
३६) सत्यवती बुक्स, बुटवल
३७) संजय बुक्स, राजविराज
३८) मापुच्छे पुस्तक पसल, नेपालजञ्ज, बाँके
३९) पत्र-पत्रिका सेन्टर, हेटौंडा
४०) वेन्जु स्टेशनरी, स्याङ्जा,
४१) शाझा प्रकाशनका सबै बिक्री-वितरण शाखाहरूमा
४२) भूगोलपार्क, ईन्द्रचौक र त्रिभुवन विमानस्थलका सडक पत्र-पत्रिका विक्रेताहरू
४३) दक्षिणकाली, बुढानिलकण्ड, मनकामना र उपत्यकाका मन्दिरका फूलपसलहरू

✿ स्वदेश तथा विदेशमा बस्ने धर्म, संस्कृति र भाषा प्रेमी जोसुकैले लेखकको www.haribhaktasigdel.com मा लग अन गरेर पढ्न, डाउनलोड गर्न र धर्मरक्षाको लागि कुनै कुरा परिवर्तन नगरी जस्ताको तस्तै लेखकको नाम नहटाई विविध भाषामा अनुवाद र प्रकाशन विक्री/वितरण समेत गर्न अनुमति दिइन्छ ।

ACC. 2019/2078
पुस्तक
One In All

धर्म र ईश्वर एकमात्र छन् । मानव धर्म सर्व शक्तिमान एक मात्र ईश्वर । यो लोगोले त्यसैलाई प्रष्ट पार्दछ । पाँचवटा घेराले क्रमशः अग्नि, जल, वायु, आकाश, पृथ्वीलाई संकेत गर्दछ भने सूर्य र चन्द्रले सूर्य र चन्द्रलाई इङ्गित गर्दछ त्यसैगरी म अथवा I ले आत्मालाई जनाउँछ । त्रिकोण र भित्र रहेको थोप्लो चिन्हले स्त्री र पुरुषलाई संकेत गर्दछ । उपरोक्त तत्त्वहरूबाट नै श्रृष्टि चलेको छ र चल्छ । एउटामात्र तत्त्वलाई हटाई दियो भने श्रृष्टि नै अपूर्ण हुन्छ । त्यसैले शिवका अष्ट रुप नै उपरोक्त तत्त्वहरूहुन् । सम्पूर्ण प्राणीहरूको हित र कल्याण चाहँदै सत्यमा अडिग रही एक मात्र सर्वशक्तिमान ईश्वरलाई मान्नु नै धर्म हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म देखि मुक्ति सम्म

१) मानिसले काम, क्रोध, लोभ, मोह, अहङ्कार शेखी वा बदलाको भावना (हिंसा) जस्ता शत्रुहरूमा विजय प्राप्त गरेपछि मात्र ईश्वर दर्शनको (सन्मार्ग) को ढोका भेटिन्छ ।

२) सत्यदर्शन (ईश्वर दर्शन) गर्ने ढोकामा पुग्ने बाटो ३ किसिमका उपाय वा माध्यमले मात्र पैल्याउन सकिन्छ– ती हुन्: गुरु, शास्त्र र सत्संग ।

३) गुरुको कृपाले छिट्टै सरस्वती (वाणी), बुद्धि वा विवेक) को प्राप्ति हुन्छ ।

४) त्यसपछि मानिसले क्रमशः सन्तोष, सदाचार सद्विचार र समदृष्टि प्राप्त गर्दछ, यी ४ कुरालाई जीवनमा उतारेर अहोरात्र (दैनिक जीवनमा) अभ्यास गरेपछि मात्र ईश्वरको दर्शन गर्ने मौका मिल्दछ । हुनसक्छ धेरै दिन जन्म, जुनी पनि लागोस् तर त्यो मार्गबाट हटेन भ्ने अन्त्यमा मुक्ति (ईश्वरत्व) प्राप्त हुन्छ ।

५) यसरी आफैंमा ईश्वरत्व प्राप्तिका निम्ति यात्रा गर्ने मानिसले मन्दिर, मस्जिद, चर्च, गुम्बा आदिका सीमा नाघेर, जात, धर्म, वर्ण, लिङ्ग एवं सम्प्रदाय भन्दा माथी पुग्नु पर्दछ । जसरी होचो मान्छेले होचो रुखमा होचो पहाडमा भन्दा अग्लो मान्छेले अग्लो रुख वा पहाडको चुचुरावाट सबै फाँट र त्यहाँका आली, बाली, बेली नाली सबै देख्छ, बन्दै भत्कंदै र फेरिंदै, घट्दै गरेको देख्छ, उसै गरी खाली कागजमा अक्षर लेखिएझैं उही उनै अक्षर सबैतिर केरिए पनि कुरो र अर्थ फरक सम्झिए झैं जगतलाई हेर्न सकिन्छ । यो कुरा बुझ्न सके संसारको माया मोह र ममताको बन्धनले छेक–थुन गर्न सक्दैनन् । यही स्थितिलाई ईश्वर दर्शन, साक्षात्कार वा मुक्ति भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिभक्त सिग्देल 'महेश'

haribhakta43@hotmail.com

जन्म : वि.सं. २०११ वैशाख १ गते, मंगलवार
पाँचमाने, जितपुरफेदी गा.वि.स.-३, जितपुर

माता : गङ्गादेवी सिग्देल

पिता : खड्गध्वज सिग्देल

हाल : 'हरिको घर' महाकाल-८, मण्डिखाटार, बरफेदी
काठमाडौं, नेपाल

शिक्षा : एम.पी.ए., त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं ।

प्रकाशित कृतिहरू :

१) माताश्री दक्षिणकाली परिक्रमा र दर्शन - विसं २०४४
२) स्तोत्रपाठ सङ्कलन - विसं २०४४
३) श्री पशुपतिनाथ परिक्रमा र दर्शन - विसं २०४४
४) श्री दुर्गा सप्तशती चण्डी (नेपालीमा) - विसं २०४८
५) सवारी ज्ञान मणिमाला- विसं २०४८
६) शान्तिक्षेत्र नेपाल (कविता संग्रह) - विसं २०४८
७) श्रीमद्भगवद् गीता (नेपालीमा) - विसं २०४८
८) त्यागबाट परमात्मा प्राप्ति - विसं २०४८
९) धर्मदेखि मुक्तिसम्म - विसं २०५८
१०) Religious Philosophy - 1994 Mozambique
११) रङ्गैरङ्गको जिन्दगानी (कविता संग्रह) - विसं २०५७
१२) दक्षिणकालीको सेरोफेरो - विसं २०६८
१३) पञ्चामृत - विसं २०६८
१४) विश्वब्रह्माण्डपति श्री पशुपतिनाथ - विसं २०६८
१५) श्री राम गीता (नेपाली लोक लयमा) - विसं. २०७१
१६) श्री राम गीता (नेपालीमा) - विसं. २०७१
१७) दुर्गा कवच (नेपालीमा) - विसं. २०७१
१८) दुर्गा कवच (नेपाली लोक लयमा) - विसं. २०७१
१९) स्तोतामृत (संस्कृतीमा) - विसं. २०७१
२०) प्रार्थना र भजन (नेपाली लोक लयमा) - विसं. २०७१
२१) श्रीमद्भगवद् गीता सार (नेपाली भाषा र लोक लयमा) - विसं. २०७१
२२) गृहस्थाश्रममानै बसेर परमात्मा प्राप्ति - विसं. २०७१
२३) ज्ञानबाट ब्रह्मानन्द - विसं. २०७१
२४) शिवगीता (नेपालीमा) - विसं. २०७१
२५) रूद्रगीता (लोक लयमा) - विसं. २०७१

प्रकासोन्मुख कृती :

१) एकमात्र
२) कर्मक्षेत्रमा लाग्दा-लाग्दै
(धर्म-संस्कृति, लेख, अनुसन्धान र यात्रास्मृति)
३) श्रीमद्भगवद् गीता (लोक लयमा) १८ अध्याय पुरा
४) रङ्गैरङ्गको जिन्दगानी-२ (कविता संग्रह)
५) सूर्योदय (बाल कथा संग्रह)

ISBN 978-9937-8910-5-9

मूल्य रू. ३५/-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu